# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १५ मितिः २०७९।०९।२५


## भाग - २

## शिवराज नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, (पहिलो संसोधन) २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/०१

**शिवराज नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधिलाई संसोधन गर्न वाञ्छनिय भएकोले नगर कार्यपालिकाबाट देहाय अनुसार संसोधन गरिएको छ ।**

१. **कार्यविधिको दफा २ मा भएको संसोधनः**

दफा २ को ख मा ख (१) थपिएकोः (ख) (१) उप प्रमुख भन्नाले नगर उप प्रमुख सम्झनुपर्छ ।

दफा २ को (ग) मा ग (१) थपिएकोः (ग) १ संयोजक वा प्रमुख प्रशासकीय अधिकृत भन्नाले कार्यालय प्रमुख सम्झनुपर्छ ।

२. **कार्यविधिको दफा ४ को उपदफा (३) मा भएको संसोधनः** उपदफा २ बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा उपदफा ५ बमोजिमको समितिले सुचिकृत गर्नु पर्नेछः

(क) लिखित एवं प्रयोगात्मक परीक्षा वापत ५० (पचास) अंक

(१) लिखित परीक्षा वापत ३० (तीस) अंक, उत्तिर्णांक ४०%

(२) प्रयोगात्मक  परीक्षा बापत् २० (वीस) अंक उत्तिर्णांक ४०%

(प्रयोगात्मक परीक्षा नहुने विषयको हकमा ५० अंकभार कै लिखित परीक्षा हुनेछ ।)

लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम र पूर्णांक बमोजिम परीक्षा सञ्चालन गरिनेछ र लिखित तथा प्रयोगात्मक परीक्षाको प्राप्तांकलाई क्रमशः ३० र २० पुर्णांक निर्धारण गरी परिणत गरिनेछ ।

(ख) अन्तर्वार्ता परीक्षा बापत् २० (बीस) अंकः यस अनुसार अंक प्रदान गर्दा न्यूनतम ४०% (चालिस) र अधिकतम ७० % (सत्तरी) को सीमाभित्र रही प्रदान गर्न पर्नेछ । ४० % भन्दा कम वा ७० % (सत्तरी) भन्दा माथि अंक प्रदान गर्नु परेमा स्पष्ट कारण दिनु पर्नेछ ।

(ग) शैक्षिक योग्यता बापत् २० (बीस) अंक (विशिष्ट श्रेणी बापत् २०, प्रथम श्रेणी बापत् १५, द्वितीय श्रेणी बापत् १०, तृतीय श्रेणी बापत् ५ (त्रिभुवन विश्वविद्यालयको अंक गणनाको आधारमा)

(घ) स्थानीय बासिन्दालाई देहाय बमोजिम १० (दश) अंक

(१) शिवराज नगरपालिकाको बासिन्दा भएमा १० अंक

(२) अन्य स्थानीय तहको बासिन्दा भएमा ५ अंक

(ङ) माथि जे जस्तो व्यवस्था भए पनि कार्यालय सहयोगी वा सो सरहको हकमा अन्तर्वार्ता परीक्षा मात्र हुनेछ ।

३. **कार्यविधिको दफा ५ मा भएको संसोधनः** माग पद संख्याका आधारमा कार्यविधिको दफा ४ को उपदफा ३ बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेद्वारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत लिई सूचिकरणको सिफारिस गर्न देहाय बमोजिमको अन्तर्वार्ता तथा सूचिकरण समिति रहनेछः

(क) प्रमुख प्रशासकिय अधिकृत – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको विषय विशेषज्ञको रुपमा सरकारी सेवाको अधिकृतस्तरको कर्मचारी – सदस्य

(ग) नगरपालिकाको प्रशासन शाखाको प्रमुख – सदस्य

(घ) अन्य विषयको विषय विशेषज्ञ आवश्यकता अनुसार पदपूर्ति समितिमा आमन्त्रित गर्नु पर्ने भएमा समितिका संयोजक प्र.प्र.अ. को निर्णय बमोजिम समावेश गर्न सकिनेछ ।

४. **कार्यविधिको दफा ९ उपदफा (१) मा भएको संसोधनः** (१) करार गरिएको पद वा दरबन्दीमा नेपालको संविधान बमोजिम लोकसेवा आयोगबाट कर्मचारी सिफारिस तथा समायोजन भई खटिई आएमा त्यस्तो करार कर्मचारीको करार स्वतः अन्त्य हुनेछ ।

५. **कार्यविधिको दफा १० मा भएको संसोधनः**

(क) GPA लाई प्रतिशतमा परिवर्तन गरी अंकमा कायम गर्ने ।

(ख) कार्यालयको निर्णयानुसार कार्यालयलाई अत्यावश्यक परेको अवस्थामा करारमा कर्मचारी भर्ना गर्न कार्यालयले राष्टियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरि सकेपछि कार्यालयले कुनै परीक्षा सञ्चालन नगरी लोकसेवाले सिफारिस गरेका वैकल्पिक उम्मेद्वारहरु मध्येबाट आवेदन पर्न आएका मध्येबाट योग्यताक्रमका आधारमा नियुक्त गर्न सकिने ।

(ग) यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानुनसंग नबाझिने गरी नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

६. **कार्यविधिको अनुसूचिमा भएको संसोधनः** कार्यविधिको अनुसूचिमा रहेको ५ नं. प्रदेशलाई लुम्बिनी प्रदेश बनाउने ।

**अनुसूचि २ को ४ मा भएको संसोधनः** १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपांगता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको ।

**प्रमाणिकरण मितिः २०७९/०९/०१**

**आज्ञाले,**
**राकेश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**